आज मिति २०७९ साल माघ २६ गते यस म्यागङ गाउँपालिकाका अध्यक्ष श्री **आशा तामाङ** ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

१. अध्यक्ष- आशा तामाङ

२. उपाध्यक्ष- सीता तामाङ

३. सदस्य- जिमा बहादुर तामाङ

४. सदस्य- सन्द विर तामाङ

५. सदस्य- हरि बहादुर तामाङ

६. सदस्य- कमल बहादुर तामाङ

७. सदस्य- जित बहादुर तामाङ

८. सदस्य- हरि कुमार तामाङ

९. सदस्य- सरु घले

१०. सदस्य- टेक राज घले

११. सदस्य- सम्झना तामाङ

१२. सदस्य- सिंगराम घले

१३. सदस्य- गंगा तामाङ

१४. सदस्य- कमला तामाङ

१५. सदस्य सचिव- श्री रमेश सिङदन (प्रमुख प्रशासकीय अधिकृत)

<u>आमन्त्रितः</u>

१. बिरेन्द्र तामाङ (सूचना प्रविधि अधिकृत)

प्रस्ताव नं. १ – यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा।

निर्णय नं. १ – म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव नं. २ – झोलुङ्गे पुल माग सम्बन्धमा।

निर्णय नं. २ – प्रस्ताव नं. २ उपर छलफल गर्दा स्थानीय पूर्वाधार विभागको च.नं. २३० मिति २०७९/१०/१६ को प्राप्त पत्रानुसार तपशिल स्थानमा रहने झोलुङ्गे पुलहरुको अति आवश्यक भएकोले उक्त आयोजनाहरु झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत समावेश गर्न अनुरोध गर्ने निर्णय गरियो।

१. घ्यब्रिङ खोला झोलुङ्गे पुल, म्यागङ १
२. बैंगु खोला झोलुङ्गे पुल, म्यागङ १
३. थिम्न्यु ब्रा कदम बोट झोलुङ्गे पुल, म्यागङ २
४. घट्टा गु पोल्चेत खोला झोलुङ्गे पुल, म्यागङ २
५. फिलने खोला झोलुङ्गे पुल, म्यागङ ३
६. छ्यापङ स्योङ झोलुङ्गे पुल, म्यागङ ३
७. क्रेतक्युङ खोला झोलुङ्गे पुल, म्यागङ ४
८. आरनग्युङ खोला चम्ना गु झोलुङ्गे पुल, म्यागङ ४
९. कुन्दुलो स्योङ झोलुङ्गे पुल, म्यागङ ४
१०. कुलोस्योङ झोलुङ्गे पुल, म्यागङ ४
११. प्लेङनेन खोला झोलुङ्गे पुल, म्यागङ ४
१२. भर्याङभुरुङ खोला झोलुङ्गे पुल, म्यागङ ५
१३. छ्यापङ खोला झोलुङ्गे पुल, म्यागङ ५
१४. जोरचौतर मैचौर झोलुङ्गे पुल, म्यागङ ५ र ६
१५. फलाँटे ग्यादी खोला झोलुङ्गे पुल, म्यागङ ५ र ६
१६. मैबोल कुवा खोला झोलुङ्गे पुल, म्यागङ ५ र ६
१७. मैबोल फलाँटे नुप्पा स्योङ खोला झोलुङ्गे पुल, म्यागङ ६

प्रस्ताव नं. ३ – कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय नं. ३ – प्रस्ताव नं. ३ उपर छलफल गर्दा विधान समितिबाट पेश भएको तपशिलका कार्यविधिहरु स्वीकृत गर्ने भनी निर्णय गरियो।

१. म्यागङ गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

**प्रस्ताव नं. ४ — भेरियसन आदेश सम्बन्धमा।**

**निर्णय नं. ४** — प्रस्ताव नं. ४ उपर छलफल गर्दा तपशिलका ठेक्काको भेरियसन आदेश उपयुक्त भएकोले अनुमोदन र स्वीकृत गर्ने निर्णय गरियो।

१. MRM/NCB/R/2079/80/02, सामरी - पोखरी गुम्बा डाँडा - मैबोल हुँदै गाउँपालिका केन्द्र - म्यागङ डाँडा जोड्ने सडक स्तरउन्नती म्यागङ, ६

२. MRM/NCB/R/2079/80/03, मानेभञ्ज्याङ — प्लेनप्लेन - ओखेनी हुँदै गाउँपालिका केन्द्र जोड्ने सडक स्तरउन्नती, म्यागङ ३

**प्रस्ताव नं. ५ — दोस्रो चौमासिक वित्तिय प्रगतिको समिक्षा सम्बन्धमा।**

**निर्णय नं. ५** — प्रस्ताव नं. ५ उपर छलफल गर्दा आ.व. २०७९/०८० को दोस्रो चौमासिक वित्तिय प्रगति बारे कार्यपालिकमा पेश गरी अवगत गराई सो सम्बन्धी समिक्षा गरियो।

**प्रस्ताव नं. ६ — खेल मैदान निर्माण कार्यको अख्तियारी सम्बन्धमा।**

**निर्णय नं. ६** - प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस म्यागङ गाउँपालिका अन्तर्गतका तपशिल खेलमैदानहरु साविक देखि नै खेल मैदानको रुपमा उक्त क्षेत्रफलको सार्वजनिक जग्गामा संचालन हुँदै आएकोमा सधैंका लागि सो खेल मैदान सम्बन्धी आयोजना कार्य गर्न देहायका उपभोक्ता समितिबाट निर्माण कार्य तथा भोगचलन गर्न उक्त उपभोक्ता समितिलाई नै अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

| क्र.सं. | खेलमैदान आयोजना विवरण | स्थान | क्षेत्रफल |
|---|---|---|---|
| १. | धनेश्वरी खेल मैदान निर्माण, म्यागङ ६ | म्यागङ ६, पनेरा | १० रोपनी |

**प्रस्ताव नं. ७ — सर्वसम्मतले पारित सम्बन्धमा।**

**निर्णय नं. ७** - प्रस्ताव नं. ७ उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।